स्थानीय सरकार

आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम (पश्चिम भाग)

कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४


पत्र संख्या: २०८२/०८३

चलानी नम्बर :

मिति: २०८३/०२/२९

ने. स. ११४६

## नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ओसारपसार बन्द हुने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८२/०२/२९

यस आठविसकोट नगरपालिकाको क्षेत्रभित्र रहेका नदीनाला, खोला तथा अन्य जलस्रोतबाट उत्खनन् तथा संकलन गरिने नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि) को व्यवस्थापन सम्बन्धमा वर्षायामको समयमा नदी तथा जलाधार क्षेत्रको संरक्षण, बाढी तथा पहिरोबाट हुन सक्ने जोखिम न्यूनीकरण, वातावरणीय सन्तुलन कायम गर्ने तथा प्रचलित कानुनको पालना गर्ने उद्देश्यले मिति २०८३ साल असार १ गतेदेखि २०८३ साल भाद्र मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा ओसारपसार कार्य पूर्ण रूपमा बन्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस अवधिमा नगरपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा निर्माण व्यवसायीले नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ओसारपसार गरेको पाइएमा प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वातावरण संरक्षण ऐन, २०७६, खनिज पदार्थ सम्बन्धी प्रचलित कानुनी व्यवस्था तथा नगरपालिकाको निर्णय बमोजिम आवश्यक कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै उत्खनन् गरी योजना निर्माण स्थलसम्म निकासी गरिसकिएको नदीजन्य पदार्थ योजना निर्माण कार्यमा प्रयोगका लागि सूचना प्रकाशन भएको मितिले एक हप्ता (७ दिन) भित्र नगरपालिकामा आई आफूले संकलन गरेको नदीजन्य पदार्थको स्टक प्रमाणीकरण गराउनु हुन र असार मसान्तसम्म उक्त नदीजन्य पदार्थको स्टक शून्य गर्नु गराउनु समेत जानकारी गराइन्छ। अन्यथा कानुन बमोजिम भए/गरिने व्यहोरासमेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

सम्बन्धित सबै सरोकारवालाहरूलाई उक्त निर्णयको पूर्ण पालना गरी सहयोग गरिदिनु हुन अनुरोध छ।

..................

ई. राजेश गौतम

नि. प्रमुख प्रशासकीय अधिकृत


"समृद्ध गाउँ शहरको रहर: स्वस्थ, सफा, सुशासनयुक्त, समन्यायीक र समाजवाद उन्मूख आठविसकोट"

E-mail: aathbiskotmun073@gmail.com ito.aathbiskotmun@gmail.com